लहान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लहान, सिराहा

मधेस प्रदेश, नेपाल

(राजश्व शाखा)

## सार्वजनिक पोखरी ठेक्का सम्बन्धी शिलवन्दी दरभाउपत्र आमन्त्रण सूचना ।

(दोश्रो पटक सूचना प्रकाशित मिति २०८३/०४/२२ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिमको यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमको सार्वजनिक पोखरीहरुमा मत्स्यपालन गर्न/गराउन आ.व.२०८३/०८४ को अशोज महिना देखि आ.व.२०८५/०८६ को भाद्र मसान्तसम्म ३ वर्षका (२०८३ अशोज १ गते देखि २०८६ भाद्र मसान्तसम्म) लागि एकमुष्ठ गनीमहसुलमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी टेण्डर प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः-

| क्र.स. | पोखरीको नाम र ठेगाना | न्युनतम ठेक्का अंक रकम रु. (आय कर र दुर्गा पुजा चन्दा बाहेको) | कैफियत |
|---|---|---|---|
| १. | मुसहरी पुर्व पोखरी लहान-१ | १,५१,५५५।- | |
| २. | सिंगराही नयाँ पोखरी लहान-१ | ५३,१५०।- | |
| ३. | मुसहर्निया पोखरी लहान-१ | ४,७०,०००।- | |
| ५. | हरिवंश पोखरी लहान-३ | ४,६१,०००।- | |
| ६. | कमल पोखरी लहान-३ | १,७५,०००।- | |
| ७. | मंगल पोखरी लहान-४ | ३,४०,०००।- | |
| ८. | सिकियाही पोखरी लहान-७ | १,६२,०००।- | |
| ९. | लक्ष्मैनियां पोखरी लहान-११ | २,०५,०००।- | |
| १०. | सहाजी पोखरी लहान-११ | १,७०,०००।- | |
| ११. | डोमा पोखरी लहान-११ | ५,००,०००।- | |
| १२. | चुन्नी फनैत पोखरी लहान-१२ | २,२५,५००।- | |
| १३. | लवटेन पोखरी लहान-१२ | १,५७,१७५।- | |
| १४. | चन्न डवरा पोखरी लहान-१२ | १३,५००।- | |
| १५. | बौकाई वाधँ पोखरी लहान-१३ | ५,५५०।- | |
| १६. | घले टोलको पोखरी लहान-१३ | ९९,२५१।- | |
| १७. | राधाकृष्ण मन्दिर नजिकको पोखरी लहान-१४ | ३,५१,०००।- | |
| १८. | देविन साह घर अगाडीको पोखरी लहान-१४ | ३,५०,०००।- | |

(प्रमुख प्रशासकीय अधिकृत)

Scanned with OKEN Scanner

| | | | |
|---|---|---|---|
| १९. | सार्वजनिक ऐलानी पोखरी लहान-१५ | १२६,०००।- | |
| २१. | भोलाई साहु पोखरी लहान-१९ | ३,००,०००।- | |
| २२. | पुरानो पोखरी लहान-१९ | १९,००,०००।- | |
| २४. | जे.टि.जेड. पोखरी लहान-२० | ६५,०००।- | |
| २५. | सोमन साहु पोखरी लहान-२० | ५,०५,०५१।- | |
| २६. | कालाबंजर बिचको पोखरी लहान-२१ | ८०,०००।- | |
| २७. | बेताहा दिनाजपुर सिमानाको पोखरी लहान-२१ | १,५५,०००।- | |
| २९. | कालाबन्जर टोलको पोखरी लहान-२१ | ६,२५,०००।- | |
| ३०. | घुरति घर नजिकको पोखरी (गमहरिया) लहान-२२ | ३,०५,५००।- | |
| ३१. | महाराजी कुट्टी पोखरी लहान-२२ | २,४०,०००।- | |
| ३३. | महिला पोखरी (मटखोवहा) लहान-२२ | १,२५,११०।- | |
| ३४. | लवका बाँध पोखरी लहान-२२ | ४५,५५५।- | |
| ३५. | भटीवाला पोखरी (जहदी टोल) लहान-२२ | ३,१५,०००।- | |
| ३६. | मण्डल घर नजिकको पोखरी (जहदी टोल) लहान-२२ | २,७१,०००।- | |
| ३८. | पुरानो पोखरी रामटोल नजिक लहान-२२ | ३,५६,५५५।- | |
| ३९. | महिला पोखरी लहान-२२ | १,१७,०००।- | |
| ४०. | पर्सैला पोखरी लहान-२३ | ७,११,०००।- | |
| ४३. | दर्पलाल पोखरी लहान-२३ | २,२६,०००।- | |

**शर्तहरु:-**

१. शिलबन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नगरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व.२०८२/०८३ का लागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७(औं) दिन अर्थात मिति २०८३/०४/२८ गतेसम्म कार्यालय समयभित्र टेण्डर फारम दस्तुर रकम रु.१,०००।-(एक हजार मात्र) पछि फिर्ता नहुने तिरी यस कार्यालयको आन्तरिक राजश्व शाखाबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारममा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग अध्ययन गरी सम्बन्धित पक्षले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर ठेक्काको नाउँ र ठेगानाका साथै टेण्डरदाताको नाम र ठेगाना प्रष्टसँग उल्लेख गरी ८(औं) दिन अर्थात २०८३/०४/२९ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका टेण्डरहरु सोही दिन दिनको २:०० बजे पछि नगर कार्यपालिकाको कार्यालय, लहानमा टेण्डरदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको टेण्डर खोलिने कार्यमा वाधा पर्नेछैन ।

३. दरभाउपत्र फारम खरिद/ दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

लहान नगरपालिका नगर कार्यपालिकाको कार्यालय लहान, सिरहा मधेश प्रदेश, नेपाल

(प्रमुख प्रशासकीय अधिकृत)

Scanned with OKEN Scanner

४. दरभाउपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. शिलबन्दी दरभाउपत्र फारमसाथ आफूले कबोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैङ्क लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं.०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैङ्क भौचर वा सो रकम बराबरको यस कार्यालयको नाउँमा मान्यता प्राप्त वाणिज्य बैङ्कबाट जारी गरीएको बोलकबोल जमानी पत्र (कम्तिमा ७५ दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नु पर्नेछ । धरौटी रकम दरभाउपत्र फारमसाथ नगद खामी आएमा कार्यालय जिम्मेवार हुने छैन, साथै त्यस्ता दरभाउपत्र फारमहरु अमान्य हुनेछ।

६. ठेक्का स्वीकृती पश्चात अधिकतम कबोल ठेक्का अंकको अतिरिक्त आय कर १.५% र नगरपालिकाद्वारा सञ्चालित दुर्गा पुजा चन्दा १.५% बुझाउनु पर्नेछ ।

७. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामासाहीले कम हुन आउने अंकलाई ठेक्का अंक मानिनेछ ।

८. शिलबन्दी दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी वा म्याद नाघी आएको टेण्डर उपर कुनै कारवाही हुने छैन ।

९. प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा निजलाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बारूण यन्त्रलाई आवश्यक परेको समयमा जुनसुकै बखत पनि पोखरीबाट पानी लिन सक्नेछ त्यसमा ठेकेदारले रोक्न पाईने छैन ।

११. माछा पालनको व्यवस्था र पालिएको माछाको सुरक्षा समेत ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

१२. ठेक्का अवधिमा पोखरिको प्रकृति सौन्दर्य विग्रिने गरी डिल आदि विगार्न भत्काउन पाईने छैन ।

१३. प्रकृतिक विपद वाहेक अन्य कुनै कारणवश भौतिक संरचनामा भएको क्षतिको जिम्मेवारी ठेकेदारले लिनुपर्नेछ ।

१४. यस कार्यालयमा साविकमा वाँकी वक्यौता राखेका व्यक्ति/ घर परिवार तथा उक्त व्यक्ति आवद्ध फर्म, संस्थालाई ठेक्का प्रकृयामा समावेश गरीने छैन ।

१५. ठेक्का सम्बन्धि अन्य विषयमा जानकारी लिनुपरेमा लहान नगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

नगर कार्यपालिकाको कार्यालय, लहान, सिराहा, मधेश प्रदेश

दुर्गा प्रसाद भुर्तेल
प्रमुख प्रशासकीय अधिकृत